म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७४ २०८१ जेठ ३ गते बिहीबार 16 May 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## राइटपाथको एजुकेशन कन्क्लेभ आज

हेटौँडाः अमेरिका, युरोप, अष्ट्रेलियालगायतका देशमा उच्च शिक्षा अध्ययनका लागि जान चाहने विद्यार्थीका लागि परामर्श तथा प्रक्रियामा सहजीकरण गर्ने संस्था राइटपाथ करिअर काउन्सिलिङले आज हेटौँडामा ग्राण्ड एजुकेशन कन्क्लेभको आयोजना गर्दैछ। हेटौँडा-४, स्कूलरोडस्थित मारवाडी सेवा सदनको व्यापारिक कम्प्लेक्सस्थित राइटपाथ हेटौँडाको कार्यालय परिसरमा हुने कन्क्लेभमा गायिका अञ्जु पन्तको पनि उपस्थिति रहनेछ। ४ सयदेखि ५ सयसम्म विद्यार्थी तथा अभिभावकलाई कन्क्लेभ परामर्श सेवा प्रदान गर्ने लक्ष्य रहेको जनाइएको छ। १२ कक्षाको वार्षिक परीक्षा दिएर बसेका उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थी र अभिभावकलाई लक्षित गरेर राइटपाथले देशव्यापी दौडाहाको स्वरुपमा कन्क्लेभको आयोजना गर्न लागेको राइटपाथ हेटौँडाका सञ्चालक मनिष अधिकारीले जानकारी दिनुभयो।

### बागमती प्रदेशसभा बैठक

# हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग राख्नुपर्ने माग

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको दोस्रो कार्यकालको चौथो अधिवेशनको बैठक बुधबार बसेको छ। बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले बैठकमा विशेष समयमा बोल्न चाहने प्रदेशसभा सदस्यहरुको नाम दलीय आधारमा प्राप्त भएको र शून्य समय नरहेको बताउनुहुँदै बैठक सुरु भएको घोषणा गर्नुभयो ।

बैठकमा बोल्नुहुँदै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद इन्द्रबहादुर बानियाँले बागमती प्रदेशको राजधानी हेटौंडाको हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग राख्नुपर्ने बताउनुभएको छ । अस्पताललाई प्रतिष्ठानबाट अलग राखेर जान सकिने भन्दै उहाँले अहिले प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुलाई सहमतिका आधारमा हेटौंडा अस्पतालमा प्राक्टिकल गराउन सकिने बताउनुभयो ।

हेटौंडा अस्पतालको पहिचानलाई कायम गर्दै हेटौंडा अस्पताल छुट्टै रहने गरी काम गर्न सरकारले ध्यान पुऱ्याउनुपर्ने उहाँको भनाइ छ। उहाँले आगामी आर्थिक वर्षको बजेटमा प्रदेशका सर्वसाधारण जनताले पाउने काममुखी, गाउँमुखी र सेवामुखी कार्य हुने नीति, कार्यक्रम तथा बजेट आउने आफूले आपेक्षा लिएको बताउनुभयो । अहिले प्रदेश सरकारले विशेषगरी आगलागी र चट्याङले प्रदेशभित्र भएका विभिन्न ठाउँका क्षतिको मूल्याङ्कन गरी सम्बन्धित पालिकाबाट प्रदेश सरकार छ भन्ने अनुभूति दिलाएर तत्काल राहत उपलब्ध गराउन माग उहाँले माग गर्नुभयो।

उहाँले संघीयता, धर्मनिरपेक्षता, समावेशीतामाथि चुनौती खडा भएको बताउनुभयो। सरकार हरेक कुराको निर्णय गर्दै जाने तर कार्यान्वयन नहुने गरेको भन्दै उहाँले यो व्यवस्थामा चुनौती खडा भएको बताउनुभयो । प्रदेश सरकारले तामाङ र नेपाल भाषा कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्ने निर्णय गरेपनि अहिलेसम्म कार्यान्वयन नभएको बताउनुहुँदै उहाँले ध्यानाकर्षण गराउनुभयो । उहाँले यो व्यवस्थामा दिन प्रतिदिन जनतामा किन निराशा बढ्यो ? र संविधानमा उल्लेख भएको कुराहरु किन कार्यान्वयन भएन ? प्रश्न गर्नुभयो । प्रदेश सरकार सञ्चालन भएको दोस्रो कार्यकाल सुरु भइसक्दा पनि प्रहरी र कर्मचारी संरचनाको अधिकार प्रदेशलाई किन नआएको भन्दै उहाँले प्रश्न गर्नुभयो ।

उहाँले संघीयता कसले कमजोर बनाउँदैछ भनेर अरुलाई भन्न नहुने भन्दै अहिले गणतन्त्र र संघीता ल्याउने भन्ने दलहरु नै जिम्मेवार भएको उहाँले आरोप लगाउनुभयो । अहिले संघीयता आएर सबैजसो ठाउँमा बाटोघाटो पुगेपनि जनतामा निराशा रहेको भन्दै उहाँले आयआर्जनमा जोड्ने खालको नीति तथा कार्यक्रम ल्याउनुपर्ने बताउनुभयो। राम्रो काम गरेर जनतालाई सेवा दिएमा संघीयताप्रति जनताको विश्वास बढ्ने उहाँको भनाइ छ।

यस्तै, बैठकमा आफ्नो मातृभाषा (तामाङ) मा बोल्नुहुँदै नेकपा एमालेका सांसद ज्ञानबहादुर तामाङले प्रदेशमा तामाङ र नेपाल कामकाजी भाषा कार्यान्वयन भए पनि भाषा अनुवादक किन नराखेको भनि प्रश्न गर्नुभयो। आफू प्रदेशसभा सदस्यमा निर्वाचित भएपछि प्रदेशसभाको बैठकमा पहिलो पटक तामाङमा बोलेको बताउनुहुँदै उहाँले आगामी आर्थिक वर्षको नीति, योजना, कार्यक्रम तथा बजेट तामाङ र नेपाल भाषामा पनि ल्याउन माग गर्नुभयो । उहाँले प्रदेशभित्रका १ सय १९ वटै स्थानीय तहको सबै वडामा भाषा अनुवादक राख्न आग्रह गर्नुभयो । उहाँले कुरा धेरै गर्ने तर काम कम गर्ने प्रवृतिको अन्त्य गर्नुपर्ने बताउनुभयो ।

बैठकमा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीकी सांसद श्रृजना सायजुले अर्थतन्त्र चलायमान नभइरहेको प्रदेशमा प्रदेश सरकारले तत्काल स-साना भौतिक निर्माणका कामहरु गर्न आवश्यक रहेको बताउनुभयो । इमानदार निर्माण व्यवसायीलाई काम गर्न दिएमा आर्थिक र सामाजिक दृष्टिले जनता पनि लाभदायी हुने उहाँको भनाइ छ । प्रदेश सरकारले राष्ट्रिय पुँजी निर्माण तथा विकासमा लागेर बन्द रहेको सरकारी उद्योग चलाउनुपर्ने र जनतालाई उत्पादनसँग जोड्नुपर्ने बताउनुभयो । उहाँले आफ्नो उत्पादन नभएको र पूर्णरुपमा अरुमा आत्मनिर्भर हुनुपर्ने अवस्थाको अन्त्य गर्न प्रदेश सरकारले स्वदेशी उत्पादनलाई प्रवर्द्धन र जोड दिने नीति, योजना, कार्यक्रम तथा बजेट ल्याउनुपर्ने बताउनुभयो ।

यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद लक्ष्मी घिमिरेले चालु आर्थिक वर्षमा प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम व्यवहारमा लागू नगरेको आरोप लगाउनुभयो। अपाङ्गता भएको व्यक्तिहरुका लागि लेखिएको नीति व्यवहारमा कार्यान्वयन नभएको उहाँले बताउनुभयो। सरकारका पछिल्ला घटनाक्रमले जनतामा निराशा बढिरहेको उहाँको भनाइ छ । नयाँ र पुराना सबै पार्टी सरकार बनाउने र ढाल्ने काममा मात्र लागिरहेको आरोप लगाउनुहुँदै जनताको काममा कुनै ध्यान नपुगेको बताउनुभयो। कृषिप्रधान देशमा सरकारले खेती गरेर जीविकोपार्जन गर्नसक्ने वातावरण नबनाएको उहाँले बताउनुभयो ।

नेकपा एकीकृत समाजवादीका सांसद ठूला थामीले सरकारले प्राकृतिक स्रोतहरुको सदुपयोग गर्दै विकास निर्माणमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले विशेषगरी स्वास्थ्य र शिक्षा क्षेत्रको विकासमा सरकारले ध्यान पुऱ्याउनुपर्ने बताउनुभयो। अहिले प्रदेशभित्रको शिक्षामा धेरै व्यथिति रहेको उहाँको भनाइ छ । निजी विद्यालयले मनलाग्दी शुल्क लिएर पढाइरहेको भन्दै उहाँले यसलाई सरकारले रोक्नुपर्ने बताउनुभयो। अहिले सरकारी विद्यालयहरु खाली भइरहेको बताउनुहुँदै उहाँले शिक्षा क्षेत्र सरकारको पहुँचमा हुनुपर्ने बताउनुभयो ।

# क्रिकेट प्रशिक्षक टमाटालाई १ लाख राशीको सम्मान




क्रिकेट प्रशिक्षक जगतबहादुर टमाटालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडाः रोटरी क्लब अफ हेटौँडाले नेपाली क्रिकेट टिमको पूर्वराष्ट्रिय प्रशिक्षक तथा वर्तमान यु-१९ टिमका प्रशिक्षक जगत बहादुर टमाटालाई १ लाख राशीसहित सम्मान गरेको छ। बुधबार हेटौँडामा एक समारोहका बीच रोटरी क्लब अफ हेटौँडाले भोकेसनल एक्सिलेन्स अवार्ड प्रदान गरेको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले टमाटालाई सम्मान गर्नुभयो ।

रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष स्वागत राज प्याकुरेलको अध्यक्षता तथा मन्त्री मोक्तानको प्रमुख आतिथ्यमा सम्मान समारोह भएको हो । क्रिकेट खेलको विकासमा पुऱ्याएको योगदानको कदर गर्दै रोटरीले टमाटालाई सम्मान गरेको हो । टमाटाकै प्रशिक्षणमा नेपाली यु-१९ क्रिकेट टिम ५ पटक विश्वकपमा सहभागी हुन सफल भएको थियो । रोटरी क्लब अफ हेटौँडाको भोकेसनल एक्सिलेन्स अवार्ड प्राप्त गर्ने टमाटा छैठौं व्यक्ति हुनुहुन्छ। यसअघि डेन्टीजंग शाह, प्रा.डा. बसन्त विडारी, फिफा रेफ्री कल्पना शर्मा, प्रा.डा. गोपालरमण शर्मा र प्रा.डा. प्रेमराज वैद्य सम्मानित भइसक्नुभएको छ।

यसै बर्षदेखि रोटरी क्लबले सम्मानको राशी बढाएको हो। यसअघि २५ हजार रुपैयाँ रहेको सम्मान राशी यस बर्षदेखि एक लाख रुपैयाँ पुऱ्याइएको हो। सम्मानपछि क्रिकेट प्रशिक्षक टमाटाले सम्मानमा प्राप्त एक लाख रुपैयाँ मध्ये ५० हजार रुपैयाँ मकवानपुर जिल्ला क्रिकेट संघलाई हस्तान्तरण गर्ने घोषणा गर्नुभयो । क्रिकेट खेलको विकासमा योगदान पुऱ्याएवापत यसअघि पनि धेरै सम्मान प्राप्त भए पनि हेटौँडामा रोटरीबाट प्राप्त सम्मान विशेष भएको उहाँको भनाइ थियो। क्रिकेटको विकासमा आफूले अझै योगदान गर्ने उहाँले प्रतिवद्धता व्यक्त गर्नुभएको छ।

सम्मान कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा, प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाई, ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अञ्जनी पराजुली, रोटरी क्लब अफ हेटौँडाका पूर्वअध्यक्षहरुको पनि आतिथ्य रहेको थियो। सम्मान समारोहअघि बुधबार दिउँसो हेटौँडा-४ स्थित रोटरी भवनमा मकवानपुर जिल्ला क्रिकेट संघका पदाधिकारी, बागमती प्रदेश समितिका पदाधिकारी, क्रिकेट खेलाडीले प्रशिक्षक टमाटासँग अन्तरक्रिया गरेका थिए । अन्तरक्रियामा प्रशिक्षक टमाटाले क्रिकेट टिममा क्याप्टेनको महत्वपूर्ण भूमिका र जिम्मेवारी रहने बताउनुभएको थियो । उहाँले मकवानपुर जिल्लाको क्रिकेट खेलको विकासमा आफू सदैव सहयोग गर्न तयार रहेको पनि बताउनुभएको थियो ।

# दुर्घटनामा मुडभरीको मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-सिन्धुली सडकअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-४ सादेपुलमा स्कुटर र ट्र्याक्टर आपसमा ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। बुधबार साँझ अन्दाजी ७ बजेको समयमा फापरबारीबाट हेटौँडातर्फ आउँदै गरेको ना ६६ प ९३०३ स्कूटर र विपरित दिशाबाट जाँदै गरेको ना ७ त २२५९ नम्बरको ट्र्याक्टर आपसमा ठोक्किएर दुर्घटना हुँदा हेटौँडा-१३ का ४५ वर्षीय केशव मुडभरीको मृत्यु भएको हो । दुर्घटनामा परी गम्भीर घाइते भएका मुडभरीको उपचारको क्रममा हेटौँडा अस्पतालमा मृत्यु भएको हो। मुडभरी विद्यालय सञ्चालक, स्टेशनरी व्यवसायी समेत हुनुहुन्थ्यो । प्रहरीले ट्र्याक्टर नियन्त्रणमा लिएको छ भने चालकको खोजी कार्य भइरहेको जनाएको छ।

# प्रतिष्ठान तथा अस्पतालबारे भ्रम सृजना गर्ने काम भइरहेको छः डोरमणि पौडेल

समाज संवाददाता

हेटौंडाः मकवानपुरको हेटौंडामा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालको बिच भ्रम सृजना गर्ने कार्य भइरहेको बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले बताउनुभयो । बुधबार प्रेस मिट राख्दै पौडेलले भ्रमबाट मुक्त हुन आवश्यक रहेको र भ्रमको पछि नलाग्न आमजनतालाई आग्रह गर्नुभएको हो ।

बागमती प्रदेशको यसअघिको सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताललाई अलग गर्ने प्रयास गरेको थियो। सोबिरुद्ध सम्मानित सर्वोच्च अदालतमा प्रतिष्ठानबाट रिट दर्ता गरेकोमा अदालतले प्रतिष्ठानबाट हेटौंडा अस्पताललाई अलग गर्न नमिल्ले निर्णय गरिसकेको छ। कानुनीरुपमा भएको व्यवस्थालाई अदालतको निर्णयले पुनर्पुष्टि गरिसकेको हुँदा प्रतिष्ठानसँग हेटौंडा अस्पताललाई अलग गर्नुपर्छ भन्ने अभिव्यक्ति भ्रम, कुण्ठा



र राजनैतिक प्रतिशोध रहेको पौडेलले बताउनुभयो । हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत् सञ्चालन भएको विषयलाई अतिरञ्जित गरी भ्रम पार्न खोजिएकोले भ्रममा नपर्न पौडेलले आग्रह गर्नुभएको छ।

कार्यक्रममा पौडेलले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले अस्पताल सञ्चालन गरेपश्चात् विभिन्न सेवाहरुमा गुणस्तर कायम भएको बताउँदै आम नागरिकको अस्पतालप्रति भरोसा र विश्वासमा वृद्धि हुँदै गएको बताउनुभयो। प्रतिष्ठानले सञ्चालन गरेको हेटौंडा अस्पताल सुदृढ र सक्षम हुँदै गएकाले मकवानपुरबासीले गर्व गर्नुपर्ने पौडेलले बताउनुभयो। प्रतिष्ठानले प्रदान गर्ने सेवा सुविधामा कटौती, स्वास्थ्य सेवामा कटौती हुनेगरी गरिने प्रयास अभिव्यक्ति र टिप्पणीलाई कडारुपमा प्रतिवाद गरी प्रतिष्ठानको स्वायत्तता र स्थायित्वका लागि खबरदारी गर्नुपर्ने पौडेलको भनाइ छ ।

पौडेल मुख्यमन्त्री हुनुभएको बेला मकवानपुर जिल्लाको स्वास्थ्य सेवालाई उकास्ने, उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने तथा चिकित्सा शिक्षा सञ्चालन गर्ने उद्देश्यले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन र सञ्चालन भएको थियो । प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य सेवा र शिक्षा नीतिअनुरुप काम गर्ने गरेको छ ।




# सम्पादकीय

## राजनीतिक दाउपेचमा अस्पताल

कुनै समय रिफर सेन्टरको रुपमा परिचित हेटौंडा अस्पताल अहिले अस्पतालजस्तै बनेको छ । हेटौंडा अस्पतालको स्वास्थ्य उपचार सेवा विस्तार र सुधार भइरहेको छ । अस्पतालमा भौतिक पूर्वाधारमात्र नभई विशेषज्ञ चिकित्सकसहित विभिन्न रोगको उपचार सेवा थप हुँदै गएको छ । बागमती प्रदेश सरकारले स्थापना गरेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (मेडिकल कलेज) मातहत हेटौंडा अस्पताललाई ल्याएपछि यसको भौतिक विकास तथा सेवा विस्तार भइरहेको हो । करिब ६ वर्षअघि हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्ने प्रदेश सरकारको घोषणापछि अस्पतालको स्तरोन्नति हुँदै आएको छ । आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रममा बागमती प्रदेश सरकारले हेटौंडा अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्ने घोषणा गरेको थियो । पछिल्लो समय हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत नराखी सरकारी अस्पतालकै रुपमा कायम गरिनुपर्ने माग फेरि उठेको छ ।

करिब तीन वर्षअघि पनि हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग्याउने प्रयास गरिएको थियो । उक्त प्रयास सफल नभएपछि अस्पताललाई प्रतिष्ठान मातहत नै सञ्चालन गरिँदै आएको छ । तर, हेटौंडा अस्पतालको स्वामित्व प्रतिष्ठानलाई दिन लागेको भन्दै मकवानपुरका राजनैतिक दलहरुले विरोध जनाएका छन् । गत शनिबार नेकपा एमालेबाहेकका जिल्लामा क्रियाशील दलहरुले संयुक्त विज्ञप्ति जारी गर्दै हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहतमा ल्याउन लागेको भन्दै ध्यानाकर्षण गराएका छन् । हेटौंडा अस्पतालको सम्पूर्ण सम्पत्ति र स्वामित्व प्रतिष्ठानलाई हस्तान्तरण गर्ने गरी प्रदेश सरकारले स्वास्थ्य मन्त्रालयमार्फत् प्रक्रिया अघि बढाएको भन्दै राजनीतिक दलहरुले विरोध जनाएका हुन् । प्रतिष्ठानले हेटौंडामै एमबीबीएससम्मको पढाइको तयारी गरेर भौतिक पूर्वाधारहरु निर्माण गरिरहेको छ । प्रतिष्ठानको आफ्नै भौतिक पूर्वाधार तयार नभएसम्मका लागि हेटौंडा अस्पताललाई प्रयोगात्मक कार्यका लागि प्रयोग गर्ने सहमति भए पनि अस्पतालको स्वामित्व नै प्रतिष्ठानलाई दिन नहुने दलहरुको धारणा छ ।

गत सोमबार सुरु भएको बागमती प्रदेशसभाको अधिवेशनमा समेत कुनै पार्टीको नेताको नाममा खोलिएको प्रतिष्ठानलाई राज्यको सम्पत्ति जिम्मा लगाउन नहुने आवाज उठेको छ । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामाले हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गर्न प्रदेश सरकार अग्रसर हुनु आपत्तिजनक भएको बताएका हुन् । प्रदेश राजधानीको एकमात्र सरकारी अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने उनको भनाइ छ । सोही बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रदेश संसदीय दलका नेता उद्धव थापाले प्रदेश सरकारले व्यक्तिगत स्वार्थमा लागेर मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हेटौंडा अस्पताल दिन नहुने धारणा राखेका छन् । प्रदेशसभाकै बुधबारको बैठकमा नेपाली कांग्रेसका सांसद इन्द्रबहादुर बानियाँले हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग राख्नुपर्ने बताएका छन् । अस्पताललाई प्रतिष्ठानबाट अलग राखेर प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीलाई हेटौंडा अस्पतालमा प्रयोगात्मक अभ्यास गराउन सकिने बताएका हुन् ।

विगतमा कमजोर स्वास्थ्य सेवा सुविधा हुँदा हेटौंडा अस्पताल राजनीतिक दलहरुको बेवास्ताको शिकार बनेको थियो । अहिले हेटौंडा अस्पतालमा स्वास्थ्य सेवा विस्तार र सुविधा थप हुँदै गएपछि दलहरुको चासो बढेको हो । हिजो कमजोर अवस्थाको अस्पताललाई प्रतिष्ठानको मातहतमा सञ्चालन गर्न दिन सहमत भएका दलहरु अहिले अस्पतालको विकास र सेवा विस्तार हुँदै जाँदा प्रतिष्ठानबाट अलग राख्नुपर्छ भन्नु र ाजनीतिक दाउपेचको एउटा उदाहरण हो । स्वास्थ्य सेवामा निकै पछि परेको हेटौंडामा सुविधासम्पन्न सरकारी अस्पताल र मेडिकल कलेजसहितको स्वास्थ्य विज्ञान प्रतिष्ठान दुबै आवश्यक छ । हेटौंडा अस्पताललाई अझ सुविधासम्पन्न बनाएर सरकारी अस्पतालकै रुपमा सञ्चालन गर्ने र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि अलग्गै मेडिकल कलेज बनाउन सबैको पहल हुनुपर्छ । प्रतिष्ठानको मेडिकल कलेज नबन्दासम्म निश्चित समयावधि तोकेर हेटौंडा अस्पताललाई प्रतिष्ठान मातहत सञ्चालन गर्न दिनु सान्दर्भिक हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| वृष | : महत्वकांक्षी काममा त्यति जोड नदिँदा राम्रो । |
| मिथुन | : सामाजिक र परोपकारजन्य काममा समय व्यतित होला । |
| कर्कट | : रोकिएका कामहरु बन्ने समय योग रहेको छ । |
| सिंह | : धार्मिक तथा सामाजिक काममा मन जाने योग छ । |
| कन्या | : पढाई–लेखाई मध्यमकारक रहने समय योग छ । |
| तुला | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । |
| वृश्चिक | : रोकिएका कामहरु बन्ने समय योग रहेको छ । |
| धनु | : भावना र कल्पनामा रमाइने समय योग रहेको छ । |
| मकर | : नयाँ काममा हात हालिने समय योग रहेको छ । |
| कुम्भ | : अध्ययन–अध्यापन मध्यमकारक रहला । |
| मीन | : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ । |

# ३ हजार सहकारीमा समस्या, १८ हजार माथि प्रश्न

**देशभरिका सहकारीको संख्या करिब ३० हजार मान्ने हो भने बढीमा २ हजार जति समस्यामा हुनसक्छन् । ८-१० हजार जति झोलामा मात्रै होलान् । बाँकी करिब १८ हजार सहकारी अहिले पनि चुपचाप समुदाय र आफ्ना सदस्यको सेवामा काम गरिरहेका छन् ।**



✍रामचन्द्र उप्रेती




अहिले सहकारी भन्ने बित्तिकै जनमानसमा तरंगित हुने भावना दुई प्रकारको छ। पहिलो, जो सहकारीमा आवद्ध भएर आफ्नो जीवनमा सहजता आएको अनुभूति गरेका छन्, उहाँहरू सहकारीप्रति सकारात्मक धारणा राख्नुहुन्छ । उहाँहरू सहकारी चाहिन्छ, आवश्यक छ, सहकारी जोगाउनुपर्छ भन्ने ठान्नुहुन्छ । सहकारीलाई माया गर्नुहुन्छ । सहकारीका नराम्रा खबरले यस्ता मानिसलाई चिन्तित बनाएको छ ।

दोस्रो, जसले सहकारीमा राखेको आफ्नो बचत गुमाउनुभएको छ उहाँहरू सहकारीप्रति आक्रोशित हुनुहुन्छ। उहाँहरू सञ्चालक फरार भएको, सहकारीले पैसा फिर्ता नगरेको र फिर्ता पाउने कुराको निश्चित पनि नभएको अवस्था सिर्जना भएपछि सरकार गुहार्न पुग्नुभएको छ । उहाँहरूलाई लागेको छ यस्ता ठग सहकारीहरू खोल्न दिएर सरकारले गल्ती गरेको छ ।

उहाँहरूको बुझाइमा हाम्रो दुःखले आर्जेको पैसा जोखिममा छ । अतः सरकारले नै यसको जिम्मा लिएर बचतकर्ताको पैसा फिर्ता गर्नुपर्छ । उहाँहरूमध्ये कति त हामी ठगियौं अब अरूले ठगिनु नपरोस् भनेर सहकारी चल्नै दिनुहुँदैन भन्नेहरू पनि हुनुहुन्छ ।

सहकारीमा देखिएको यो सङ्कटमा पनि केही राम्रो काम भएको छ । एउटा ठूलो र सकारात्मक काम भनेको सहकारी शिक्षाको व्यापक विस्तार भएको छ। अझ माननीय गृहमन्त्री रवि लामिछाने र कान्तिपुर मिडिया ग्रुपको जुहारीले सहकारीमा कसरी ठगी भएको छ, टाठाबाठा भनिने धूर्तहरूले सहकारीको रकम कसरी दुरुपयोग गरेका छन् भन्ने छर्लङ्ग पारेको छ ।

माननीय रवि लामिछानेले कर्जा लिएका सहकारी एक-दुई वटा होलान् तर बचतकर्ताको पैसा फिर्ता नगर्ने सहकारी त देशभर हजारभन्दा बढी छन् । सहकारी पीडितको सङ्ख्या दशौं हजारमा छ । रवि लामिछानेले तिर्न बाँकी वा सहकारीबाट लिएको कर्जा केही करोड होला तर सहकारीमा बचतकर्ताको जोखिममा परेको रकम दशौं अर्बमा छ ।

देशको अब्बल ठानिएको मिडियाले सहकारी पीडितको आवाज बोल्नुपर्थ्यो, बोल्यो । तर माननीय गृहमन्त्री रवि लामिछाने यो जिम्मेवारीमा नभएको भए र रवि लामिछाने र मिडिया ग्रुपको सम्बन्ध नबिग्रिएको भए सहकारी ठगीको यो समाचारले यतिको प्राथमिकता पाउने थिएन ।

खास समयसम्म सो मिडिया ग्रुपका सबै सञ्चारमाध्यम झण्डै २५ प्रतिशत समाचार सहकारी ठगी र माननीय रवि लामिछानेको सेरोफेरोमा रहे । यसले गृहमन्त्री लामिछानेलाई कति नोक्सान भयो र सो मिडियालाई कति फाइदा भयो त्यसको हिसाब उनीहरू नै गरुन् । तर यो द्वन्द्वले सहकारीको राम्रै गोडमेल गरेको छ । समस्यालाई उत्खनन् गरी सतहमा ल्याएर सबैसामु छर्लङ्ग पारेको छ ।

बचत तथा ऋणको कारोबार गर्ने ठूला भनिएका धेरै सहकारीमा जम्मा भएको सदस्यको रकम अपचलनको मोडल यही हो । जो सहकारीका हर्ताकर्ता थिए वा छन् आफ्नो कम्पनी वा आफ्नो व्यवसायमा यसरी नै सहकारीको रकम झिकेर लगानी गरेका थिए र छन् ।

सहकारीको पैसा कम्पनीमा लगानी गर्न सहकारी कानुनले अनुमति दिँदैन । जब कम्पनीमा लगानी गरेको रकम डुब्यो वा लगानी गरेको व्यवसाय डुब्यो तब सहकारी पनि डुब्यो । किनकि यस्ता लगानीमा धितोको व्यवस्था गरिएको छैन वा नाममात्रको धितोको व्यवस्था भएको छ । त्यसैले सहकारी डुब्ने प्रायः निश्चित छ ।

सहकारी डुब्दा बचतकर्ताको पैसा डुब्यो । यो पहिलो र खतरनाक समस्या हो । यसमा डुबेको पैसा फिर्ता हुने सम्भावना एकदमै न्यून छ । मौजुदा कानुनले यस्ता कम्पनीलाई सीमित दायित्व भएको कम्पनीको सुविधा दिएको छ ।

दोस्रो समस्या भनेको पर्याप्त धितो लिएर लगानी गरेको रकम पनि विभिन्न कारणले समयमा असुली हुनसकेको छैन । बचतकर्ता एकै पटक फिर्ता लिन आउँदा सहकारीले फिर्ता गर्न सकेन । यो खालको समस्यामा परेका सहकारीले समय लिएर भए पनि अलि ढिलोचाँडो सदस्यको बचत फिर्ता गर्ने सम्भावना छ ।

यी सबै खालका समस्यालाई सतहमा ल्याउने काम गर्ने मिडिया लगायत सबैलाई धन्यवाद छ । यसले तीस वर्षमा बुझ्न नसकेको सहकारी बुझाउने काम गरेको छ ।

देशभरिमा अस्तित्वमा रहेका सहकारीको सङ्ख्या करिब ३० हजार मान्ने हो भने बढीमा २ हजार जति समस्यामा परेका हुनसक्छन् । ८-१० हजार जति झोलामा हुनसक्छन् । बाँकी करिब १८ हजार सहकारी अहिले पनि चुपचाप समुदाय र आफ्ना सदस्यको सेवामा काम गरिरहेका छन् ।

समस्यामा परेका सबै सहकारीका केही मिल्दाजुल्दा चरित्र छन् । ती छोप्न सकुन्जेल छोपिए र छोप्न नसकेपछि क्रमशः बाहिर आउँदैछन् । समस्यामा परेका सहकारीका मूलतः दुई प्रकारका समस्या छन् । पहिलो, सञ्चालकहरूले आफैं मनमौजी पैसाको अपचलन गरेका र दोस्रोमा सहकारीले कर्जा लगानी गर्दा पर्याप्त ध्यान दिन नसक्दा लगानी गरेको कर्जा जोखिममा परेर असुलीमा समस्या भएपछि सहकारीले पैसा फिर्ता गर्न नसकेको अवस्था ।

सहकारी सञ्चालकले आफैं मनमौजी पैसा चलाएकाहरूको हकमा त्यस्ता सञ्चालकको सम्पत्ति रोक्का, लिलाम वा बेचबिखन गरेर बचतकर्ताको पैसा फिर्ता गर्ने उपाय लगाउनुपर्छ । आवश्यक परे कानुनमा संशोधन गर्नुपर्छ ।

सहकारीले कर्जा लगानी गरेको रकम उठाउन समस्या भएको र पैसा फिर्ता गर्न नसकेको हकमा कर्जा असुलीमा सरकारको सहयोग हुनुपर्छ। ऋण लिनेलाई जिम्मेवार बनाउनुपर्छ। यसरी समस्यामा परेका सहकारीको हकमा समाधानको बाटो अपनाउन सकिन्छ ।

तर, सहकारीबाट पैसा लगेर व्यवसायमा लगानी गरेका सञ्चालक वा ऋणीको व्यवसाय नै डुबेको रहेछ भने के गर्ने ? जस्तै, 'ग्यालेक्सी फोर के' टेलिभिजन पनि एक व्यवसायको रूपमा सञ्चालनमा थियो । त्यो डुब्यो । यस्ता धेरै परियोजना समस्यामा परेका वा डुबेका छन् ।

परियोजना डुब्नुका अनेक कारण होलान् । ती डुबेका कति परियोजना र ऋणीको धितो कमसल होला वा धितो नै नहोला । यस्तोमा समस्या थप जटिल बन्न सक्छ । बचतकर्ताको पैसा फिर्ता पाउने सम्भावना टाढिँदै जान्छ ।

यसरी सहकारीको रकम नियम विपरीत अपचलन गर्ने, लगानी गर्ने, ऋण लिएर नतिर्नेलाई कारबाही गर्न र जेल हाल्न सकिएला तर पैसा फिर्ता गराउन सकस छ। सहकारीमा जम्मा गरेको पैसा सहकारीबाटै फिर्ता गर्ने उपाय असफल भएमा यस्तो रकम नेपाल सरकारले आफ्नो ढुकुटीबाट तिर्ने वैधानिकता र सामर्थ्य दुवै राख्दैन । बचतकर्ताको पैसा डुब्छ ।

सहकारीमा राखेको पैसा डुब्नु व्यावहारिक घटना हो। यसको सैद्धान्तिक पक्ष भनेको सहकारीप्रतिको बुझाइमा रहेको त्रुटि हो । सहकारीलाई बैंक बुझ्ने भूल ठूला बचतकर्ताले गरेका छन् । ठूला बचतकर्ता ब्याजको लोभमा परेका छन् । साना बचतकर्ता दैनिक जम्मा गर्न सजिलो भएको र अलिअलि गर्दै अलि ठूलो बचत गर्न सकिने कारणले सहकारीमा बचत गर्न लोभिएका हुन् ।

यी दुवै प्रकारका बचतकर्ताले आफूले कस्तो संस्थामा कारोबार गर्दैछु भनेर बुझ्न चाहेको देखिंदैन । सहकारीले आफ्ना सदस्यलाई विश्वासमा लिने काम गरेको देखिंदैन । सहकारी सञ्चालकले सहकारीको मर्म र उद्देश्यअनुरूप काम नगरेको, सहकारीलाई ठीक तरिकाले नबुझेको, बुझ्न कोसिस नगरेको, लहलहैमा सञ्चालकमा बसेको जस्ता कमजोरी समस्यामा परेका सहकारीमा देखिन्छ ।

यस्ता समस्यामा परेका सहकारीमा केही थान सञ्चालक वा कर्मचारीको बोलवाला भएको देखिन्छ। संस्थागत निर्णय नाममात्रको हुने गरेको पाइन्छ । निष्क्रिय सञ्चालक भत्ता बुझ्न मात्रै उपस्थित भएको देखिन्छ ।

हकारी समस्याको वर्तमान अवस्थाको उज्यालो पक्ष पनि छ। अहिले सहकारीका समस्याका बारेमा जुन प्रचार र चर्चा छ त्यसलाई हेर्दा र सुन्दा नेपालमा कुनै पनि सहकारी संस्था नटिक्नु र नचल्नुपर्ने हो। सबै सहकारी बन्द हुनुपर्ने हो । प्रचार सुन्दा यस्तो लाग्छ सहकारी भनेका बचतकर्तालाई ठग्न, झुक्याउन मात्रै खोलिएका हुन् ।

तर, वास्तविकता त्यस्तो छैन । गाउँदेखि शहरसम्म नै धेरै सहकारीहरू यो प्रतिकूलतामा पनि ठिङ्ग उभिएर आफ्ना सदस्यको विश्वास जितेर काम गरिरहेका छन् । अझै सशक्त बनेका छन् । सदस्यकेन्द्रित र समुदायकेन्द्रित सहकारीमा समुदाय र सदस्यको भरोसा एवम् विश्वास बढेको छ ।

यो सङ्कटले के सङ्केत गरेको छ भने सहकारी सदस्य र समुदायकेन्द्रित भएर सञ्चालन हुँदा बैंकले भन्दा राम्रो सेवा दिन सक्छन् । समुदाय र सदस्यको सुख-दुःखको साथी बन्न सक्छन् । वित्तीय जोखिम धान्न सक्षम हुन्छन् । धेरै सहकारीले यो सङ्कटमा पनि राम्ररी काम गर्न सक्नुले यो प्रमाणित गरेको छ ।

खराब नियत राखेर सहकारीमा आएकाहरू यो सङ्कटमा सकिने छन् या सच्चिने छन् । सहकारीलाई बैंक बुझ्ने, ब्याजको लोभमा पैसा राख्नेहरूले चेतेका छन्। बुझ्दै नबुझी, सहकारीका सञ्चालक नै नचिनी, संस्थाको कार्यालय नै नदेखी सजिलो भयो भन्दैमा खुरुखुरु पैसा राख्नेहरू पनि घाइते भएर सिकेका छन् ।

आगामी दिनमा तिनले पनि अनगिन्ती सहकारीका खाता खोल्ने छैनन् । सदस्य बनाउन आउनेलाई राम्ररी सोध्ने छन् । सबै कुरा बुझेर, सञ्चालक चिनेर, कार्यालय देखेर आफूलाई चित्त बुझेमा विश्वास लागेमा र आफूले पनि योगदान गर्न सक्ने भए मात्रै सदस्य बन्ने छन् । कार्यक्रममा भाग लिनेछन् ।

यसैगरी सहकारी कसरी सञ्चालन हुँदैछ भनेर नियमित चासो राख्ने छन् । यसरी चासो राख्ने सदस्य भएपछि सञ्चालकले मनमौजी सहकारीको पैसा अपचलन गर्न पाउने छैनन् । सहकारीको लगानी लिएर नतिर्ने सदस्यको घरघरमा पैसा उठाउन सदस्यले सहयोग गर्नेछन् । सहकारीको ऋण लिएर नतिर्ने छुट कसैलाई हुनेछैन । यति भएपछि सहकारी समस्यामा पर्ने भन्ने हुँदैहुँदैन ।

पालिका, प्रदेश र सङ्घीय सरकारले सहकारीप्रति बेवास्ता गर्ने छैनन् । सहकारीको अवस्थामा नियमित निगरानी राख्नेछन् । सहकारीको महत्त्व बुझ्नेछन् । सहकारीले राम्ररी काम गर्दा सरकारलाई नै सघाइरहेका हुनेछन् र सहकारी बिग्रिए समस्या लिएर जनता सरकार घेर्न पुग्नेछन् भन्ने बुझ्नेछन् ।

उनीहरूले पनि सहकारीको सञ्चालकमा लहलहैमा नबुझी बस्नु हुने रहेनछ भनेर थाहा पाएका छन् । सहकारी समस्यामा पर्दा सञ्चालक जेल जानुपर्ने, जायजेथाबाट सहकारीका सदस्यको पैसा फिर्ता गर्नुपर्ने रहेछ भन्ने बुझेपछि कि बुझेर मात्रै सञ्चालक बन्नेछन् कि सञ्चालक बनेर बुझ्न लाग्नेछन् । अहिले त १५ वर्षको अनुभव छ सहकारीको भन्ने सञ्चालकलाई सहकारीमा कतिवटा सिद्धान्त छन् भन्यो भने जवाफ दिन नसक्ने अवस्था छ ।

जेहोस्, अहिलेको हल्लाखल्लाले सहकारीको राम्रै गोडमेल हुनेछ । सहकारीको पैसाले ठालु पल्टिएकाहरूले महलबाट झुपडीमा, एसी गाडीबाट भाडाको टेम्पोमा सम्म त धेरै बेठीक होइन तर जेलमा वा लुकेर जीवन बिताउनु पर्दा पक्कै सकस हुन्छ ।

यो अवस्था देखेका र भोगेकाले सजिलै सहकारीलाई दुरुपयोग गर्ने आँट गर्ने छैनन् । शक्तिमा बसेर केही दिन, महिना, वर्ष जोगिए पनि समाज र कानुनको नजरबाट सधैं जोगिन सक्ने छैनन् ।

त्यसैले आगामी दिन सहकारीका लागि उज्ज्वल छन् । सहकारीले नै समाजलाई जोड्नेछ। आर्थिक र सामाजिक क्रियाकलापमा सदस्य र समुदायलाई सक्रिय बनाउने छ । यो प्रतिकूलताबाट सबैले सिक्न जरूरी छ ।

*(स्रोतः अनलाईनखबर)*

# सहकारी समस्या समाधान गर्न सबै पक्ष जिम्मेवार हुनुपर्छः मन्त्री बज्राचार्य

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले सहकारीमा उत्पन्न समस्या समाधान गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभएको छ । बुधबार सहकारी सञ्चालनसम्बन्धी समसामयिक विषयमा आयोजना भएको जिल्लास्तरीय अन्तरक्रिया गोष्ठीलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

मन्त्री बज्राचार्यले सहकारी सदस्यहरुको आर्थिक विकास महत्वपूर्ण रहेको भन्दै सहकारीको सकारात्मक कुरालाई पनि प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो । केही खराब कार्य गरेका सहकारीका सञ्चालकहरुलाई कारबाहीको दायरामा ल्याएर सदस्यहरुको बचत सुरक्षाको लागि सरोकारवालाहरु प्रतिबद्ध हुनुपर्ने पनि उहाँले बताउनुभयो ।

बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाले सहकारीको विकास, प्रवर्द्धन र सुदृढीकरणमा सहकारीका सञ्चालकहरु अगाडि बढ्न जरुरी भएको बताउनुभयो । उहाँले सहकारीलाई उत्पादन र बजारीकरणमा केन्द्रित गर्न सबै तहका सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको प्रदेश सहकारी विकास बोर्डको आयोजनामा भएको कार्यक्रममा प्रदेश सहकारी रजिष्ट्रार राजन पोखरेलले सहकारीमा उत्पन्न समस्या समाधानको लागि सहकारी महाशाखा सक्रिय रहेको बताउनुभयो । गोष्ठीमा राष्ट्रिय सहकारी महासंघका सञ्चालक एवम् मकवानपुर जिल्ला सहकारी संघका निवर्तमान अध्यक्ष बद्रीप्रसाद लम्सालले 'मकवानपुरमा सहकारीको अवस्था, सम्भावना र चुनौती' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीमा मकवानपुर जिल्ला सहकारी संघका लेखा समिति संयोजक खेमराज सापकोटा, हेटौंडा उपमहानगर पालिका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कँडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीना चौरेल, कृषि सहकारी संघका उपाध्यक्ष रेखा खतिवडा र नेफ्स्कुन फिल्ड कार्यालय हेटौंडाका प्रमुख बिदुर खड्कालगायतको आतिथ्य रहेको थियो ।

# साप्तहव्यापि शिविरमा ३ सय ३६ जनाको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः मकवानपुर र सिन्धुलीमा साप्तहव्यापीरुममा सञ्चालन भइरहेको शिविरमा अहिलेसम्म ३ सय ३६ जना शारीरिक अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण गरिएको छ । शिविरमा १८ वर्षसम्मका बालबालिका तथा १८ वर्षमाथि उमेर समूहका व्यक्तिको स्वास्थ्य परीक्षण गरिएको कार्यक्रमका सुपरभाइजर रुद्रकुमार सापकोटाले जानकारी दिनुभयो ।

बुधबार मकवानपुरको बकैया गाउँपालिकामा भएको शिविरमा ७२ जना शारीरिक अपाङ्गता भएकाहरुको परीक्षण गरिएको छ । शिविर बकैया-६ स्थित बकैया आधारभूत अस्पतालमा भएको थियो । शिविरमा जाँच गरिएकामध्ये ७ जनाको शल्यक्रिया गरिने भएको छ ।

यस्तै, एक जनालाई व्हीलचेयर, २ जनालाई सहायक सामग्री, १ जनालाई बैशाखी र ५२ जनालाई औषधी वितरण गरिएको कार्यक्रमका सुपरभाइजर सापकोटाले जानकारी दिनुभयो । शिविरमा २२ जना १८ वर्षभन्दा माथि उमेर समूहका शारीरिक अपाङ्गता भएकाको परीक्षण गरिएको छ । शल्यक्रियामा लाग्ने खर्च बकैया गाउँपालिकाले ब्यहोर्ने उहाँले बताउनुभयो ।

मंगलबार मकवानपुरगढी-२, शिखर कटेरीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भएको शिविरमा एक सय एक जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । शिविरमा जाँच गरिएकामध्ये १८ जनाको शल्यक्रिया गरिने उहाँले जानकारी दिनुभयो । बाँकी बालबालिकालाई औषधी वितरण गरिएको छ ।

यस्तै, बैशाख ३० र ३१ गते हेटौंडा उपमहानगरपालिकाको समन्वयमा हेटौंडा अस्पतालमा भएको शिविरमा १ सय ६३ जनाको चेकजाँच गरिएको छ । स्वास्थ्य परीक्षणको क्रममा १५ जना बालबालिकालाई सर्जरिका लागि अपाङ्ग बाल अस्पताल बनेपा रिफर गरिएको, ११ जनालाई कृत्रिम अङ्ग प्रदान गरिनेछ भने ५८ जनालाई औषधी वितरण गरिएको उहाँले जानकारी दिनुभयो । शल्यक्रियाका लागि रिफर गरिएका बालबालिकाको हेटौंडा उपमहानगर पालिकाको खर्चमा सर्जरी गरिनेछ ।

घुम्ती शिविरमा जन्मजात वा पछि खुट्टाको पैताला भित्र/बाहिर फर्केको, खुट्टा लुलो र कमजोर भएको, जोर्नीहरू दुख्ने, सुन्निने, बाङ्गिएको वा खुस्किएको, औंलाहरू एक-आपसमा टाँसिएको वा बढी भएको समस्या परीक्षण गरिएको छ । आज बिहीबार भीमफेदी गाउँपालिकाको वडा न २ को कार्यालयमा र भोलि शुक्रबार भीमफेदीस्थित ईपा स्वास्थ्य चौकीमा शिविर हुनेछ । यस्तै, सिन्धुलीको हरिहरपुरगढीमा ६ गते र मरिण गाउँपालिकामा ७ गते घुम्ती शिविर हुने सापकोटाले जानकारी दिनुभयो । शिविरमा डाक्टर, फिजियोथेरापिष्ट, कृत्रिम अङ्ग बनाउने, स्टाफ नर्स, सीबीआरलगायतको स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण गर्ने जनाइएको छ ।

## बालविकास सहजकर्ता शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०२)*

प्रस्तुत विषयमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिका कार्यालयको मिति २०८१/०१/३१ च.नं. ९२ को पत्रानुसार र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०१ को निर्णय अनुसार यस विद्यालयमा रिक्त १ बालविकास सहजकर्ता शिक्षक आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. पद संख्याः १ (एक)
२. तहः बालविकास सहजकर्ता
३. परीक्षा दस्तुरः ७०० ।– (सात सय)
४. शैक्षिक योग्यताः कक्षा १२ उत्तीर्ण गरी मन्टेश्वरी तालिम अनिवार्य र अंग्रेजीमा राम्रो दख्खललाई विशेष ग्राह्यता ।
५. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. परीक्षाको किसिमः लिखित, अन्तरवार्ता र आवश्यकपरे कक्षा अवलोकन समेत
७. तलब स्केतः नेपाल सरकारद्वारा तोकिए अनुसार ।
८. आवेदन दिने अन्तिम मितिः २०८१/०२/१६ गते ।
९. सम्पर्क मितिः २०८१/०२/१७ गते ।
१०. सम्पर्क नं.: ९८५५०७२०२०, ९८५५०८८२१०

**आवश्यक कागजातहरु**

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

**श्री लक्ष्मी आधारभुत विद्यालय**
**हेटौंडा-५, मकवानपुर**

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०

"आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो"

# भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२००० माघ २९ गते

मिनबहादुर कार्की

स्वर्गारोहणः
२०८१ बैशाख २२ गते

मेरा प्राण प्यारो श्रीमान् तथा हाम्रा पुज्यनीय पिता **मिनबहादुर कार्की**को ८२ बर्षको उमेरमा दुःखद् निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछौं । दुःखको यस घडीमा हामीप्रति सहयोग, सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, बन्धुबान्धव, छरछिमेकी, महानुभावप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**श्रीमतीः**
**सुबित्रा कार्की**

**छोरा/बुहारीहरु :**
होम/चांदनी कार्की (शर्मा)
बोलबहादुर/भावना कार्की .केशीं
योगेन्द्र कार्की
निरञ्जनराज बहादुर कार्की

**नाति/नातिनाहरु :**
अपिल कार्की, अस्तित्व कार्की, अवनी कार्की,
बिद्यान भण्डारी, दिपेश चौलागाई (यादव),
अम्बिका चौलागाई, ईश्वरी भारती,
ईश्वर भारती, किशोर भारती,
सिजन दुलाल, लीला दुलाल, सुमित्रा दुलाल

**छोरी/ज्वाईहरु :**
बिजुला/हरि चौलागाई
सीता/रामशरण भारती
मुना/विकास भण्डारी

एवम् **समस्त कार्की परिवार**, हेटौंडा-८, मैदाटोल

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी हकदावी सम्बन्धी

### ३५ दिने सार्वजनिक सूचना

निवेदकः निर्मल गोपाली समेत दुइजना    जग्गाधनीः वन वाड्ने गुठी
मोहीः शिवलाल गोपाली

जिल्ला मकवानपुर थाहा न.पा. ६ बस्ने निर्मल गोपाली समेत दुइजनाको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा वन वाड्ने गुठीको हो साल १ को धान २।४। गहुँ ।६। पुजारी नंदलाल कर्माचार्यलाइ बुझाइ जोति भोगी आएको छ भनी सैछाप गर्ने शिवलाल गोपाली र जग्गावालाको नामथर वतन र बाबुको नाम व्यहोरा बमोजिम वन वाड्ने गुठी मोही शिवलाल गोपाली, पं. टिस्टुङ् वार्ड नं. ३ बाबु मेहर सिं, बाजे अन्त सिं उल्लेख भएकोमा शिवलाल गोपालीको मिति २०७१।१२।२८ मा मृत्यु भएको र निजको एकमात्र श्रीमती अन्तल माया गोपालीको मिति २०७८।०४।१८ मा मृत्यु भएको निजहरुको हकदार तिन छोराहरु मोतिलाल गोपाली, निर्मल गोपाली र विरवल गोपाली भएकोमा विरवल गोपालीको मिति २०८०।०९।१९ मा मृत्यु भएको निजको एकमात्र हकदार श्रीमति रचनामाया गोपाली भएकोले हाम्रो बाबु/ससुराको नाममा कायम रहेको फिल्डवुक अनुसार टिस्टुङ गा.वि.स वडा नं ४ को कि.नं. ५२० ज.रो २-१४-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार निर्मल गोपालीको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता हकदावी सम्बन्धी

### ३५ दिने सार्वजनिक सूचना

निवेदकः मान बहादुर कार्की    जग्गाधनीः गुण बहादुर कार्की

जिल्ला मकवानपुर साविक फाखेल गा.वि.स. वडा नं. ८ हाल इन्द्रसरोवर गा.पा. ५ बस्ने मान बहादुर कार्कीको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम मार्खु वडा नं. २ को कि.नं. १९९ र २०० क्षे.फ. ३-२-०-० र ७-३-२-० यो जग्गा पं. मार्खु वडा नं. २ मा बस्ने गुण बहादुर कार्कीको हो भनी सहि गर्ने बा.स. ले मेरो नाममा लेखेकोमा मेरो नभई मरीसकेको बाबु बल बहादुर कार्कीको हो अंश भागमा परि भोग चलन गरी आएको छु भनी सही गर्ने गुण बहादुर कार्की उल्लेख भएको मेरो फिल्डबुकमा गाउँघरमा बोलाउने नाम गुण बहादुर कार्की उल्लेख भएको तर नेपाली नागरीकता तथा अन्य प्रमाण पुर्जाहरुमा मान बहादुर कार्की उल्लेख भएकोले दुबै नाम गरेको व्यक्ति एकै व्यक्ति मान बहादुर कार्की भएको भनी इन्द्रसरोवर गा.पा ५ नं. वडा कार्यालयको च.नं. ७६१ मिति २०८१।०१।१३ को स.मु सहितको सिफारिस अनुसार माथी उल्लेखित जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार म मान बहादुर कार्कीको नाममा छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## स्तन क्यान्सरको जोखिमबाट बच्ने उपायहरु के- के हुन् ?

- स्तनको नियमित जाँच वा परीक्षण गर्ने,
- बच्चालाई पर्याप्त स्तनपान गराउने,
- नियमित व्यायाम गर्ने,
- तौललाई सन्तुलनमा राख्ने,
- पोषणयुक्त खानेकुरा खाने,
- धुम्रपान तथा मद्यपान नगर्ने,

बागमती प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**हेटौंडा, मकवानपुर, नेपाल**

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी हकदावी सम्बन्धी

### ३५ दिने सार्वजनिक सूचना

निवेदकः कृष्ण बहादुर खड्गी    जग्गाधनीः डिल बहादुर कसाई

जिल्ला मकवानपुर साविक बज्रबाराही गा.वि.स. वडा नं. १ हाल थाहा न.पा. ६ बस्ने कृष्ण बहादुर खड्गीको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम टिस्टुङ वडा नं. २ को कि.नं. ५८४ क्षे.फ. १-३-१-३ यो जग्गा मेरो कान्छा वावु सेते कसाईको नम्बरी हो निज मर्दा मेरो हक हुन आएको हो भनी सहि गर्ने डिल बहादुर कसाई पं टि. थहचोक वार्ड नं. २ र टिस्टुङ वडा नं. ३ को कि.नं. १२४९ क्षे.फ. ०-०-३-० यो जग्गा पं टिस्टुङ वार्ड नं. २ बस्ने डिल बहादुर कसैको हो भनी उल्लेख भएको, दिल बहादुर खड्गीको मिति २०६०।०७।१५ मा मृत्यु भएको निजको एकमात्र श्रीमती मंगलीमाया खड्गीको मिति २०६९।०१।२२ मा मृत्यु भएको निजहरुको एकमात्र हकदार छोरा कृष्ण बहादुर खड्गी भएको, फिल्डबुकमा कायम डिल बहादुर कसाइ र नेपाली नागरिकता र अन्य प्रमाण पुर्जामा नाम दिल बहादुर खड्गी भएको दुबै नाम गरेको व्यक्ति एकै हो भनी थाहा न.पा. ६ को च.नं. १३९४ मिति २०८१।०१।२० को स.मु सहितको सिफारिस बमोजिम मेरो बाबुको नाममा कायम रहेको फिल्डबुक अनुसार टिस्टुङ गा.वि.स वडा नं २ को कि.नं. ५८४ वडा नं. ३ को कि.नं. १२४९ ज.रो १-३-१-३ र ०-०-३-० जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार कृष्ण बहादुर खड्गीको चाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जगगादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

# बकैयामा १५ शैयाको अस्पताल शिलान्यास

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-४, गरगरेमा बुधबार १५ शैयाको अस्पताल सञ्चालन गर्नका लागि भवनको शिलान्यास गरिएको छ । संघीय सरकारको प्रत्येक स्थानीय तहमा १५ शैयासम्मको अस्पताल निर्माण गर्ने अभियानअनुरुप बकैयामा आधारभूत अस्पतालको भवन शिलान्यास गरिएको हो ।

भवनका लागि १६ करोड ३३ लाख ८९ हजार ४ सय रुपैयाँ बजेट छुट्याइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार अस्पताल भवन निर्माणको जिम्मा आकृति-इसान-गाउँले जेभीलाई दिइएको छ । अस्पताल भवनको निर्माण कार्य २ वर्षमा सम्पन्न हुने सम्झौता गरिएको छ । गुणस्तीय सेवा प्रदान गर्ने र अपग्रेड गर्ने उद्देश्यले अस्पताल निर्माण गर्न लागिएको हो । श्रेष्ठका अनुसार अस्पताल निर्माण भएपशचात् सामान्य उपचार, आँखा, स्त्री तथा प्रसुति सेवा, एक्स-रे, इमर्जेन्सीलगायतका न्यूनतम सेवा प्रदान गरिनेछ ।

अस्पतालमा २ जना एमबीबीएस डाक्टरसहित अन्य स्वास्थ्यकर्मी रहने श्रेष्ठले बताउनुभयो । पालिकास्तरीय रहने अस्पतालमा ३ वटा एम्बुलेन्स रहेको छ । हाल गाउँपालिकामा ११ वटा स्वास्थ्य चौकी रहेको छ ।

शिलान्यास कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्त बहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठ, वडा नं ४ का वडा अध्यक्ष राजन दंगाल, निवर्तमान गाउँपालिका अध्यक्ष दामोदर खनाल, युवा समाजसेवी बिमल नेपाललगायत राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, स्थानीयको उपस्थितिमा शिलान्यास कार्यक्रम भएको हो ।

# बाल अधिकारलाई नीति तथा कार्यक्रममा समावेश गर्न माग

समाज संवाददाता

हेटौंडाः बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी अधिकारलाई बागमती प्रदेश सरकारको नीति, योजना, कार्यक्रम तथा बजेटमा समावेश गर्न माग गर्दै सामाजिक विकास मन्त्रालयलाई ध्यानाकर्षणपत्र बुझाइएको छ । सोमबार राष्ट्रिय बाल सञ्जाल नेपालका अध्यक्ष माधव प्रधान र एसओएस बालग्रामका राष्ट्रिय निर्देशक गंगाबहादुर गुरुङको उपस्थितिमा सामाजिक विकासमन्त्री कुमारी मोक्तानलाई ध्यानाकर्षणपत्र बुझाइएको हो ।

वैकल्पिक हेरचाहको आवश्यकतामा रहेका तथा अति जोखिममा परेका बालबालिकाको संरक्षणका लागि प्रदेश सरकारले संरक्षणको सुनिश्चितता हुने नीतिगत व्यवस्था गर्न, वैकल्पिक हेरचाहको आवश्यकतामा रहेका तथा संरक्षणको जोखिम भएका बालबालिकाको संरक्षणका लागि प्रदेश सरकारले विशेष संरक्षण कोष स्थापना गर्न माग गरिएको छ । यस्तै, वैकल्पिक हेरचाह तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि निःशुल्क स्वास्थ्य बीमा, पोषण भत्ता, निर्वाह भत्ता, शैक्षिक सामग्री सहायताका लागि आवश्यक बजेट विनियोजन गर्न माग गरिएको छ ।

लक्षित बालबालिकाको सामाजिक सुरक्षा सुनिश्चित गर्न, वैकल्पिक हेरचाहमा हुर्केका बालबालिका युवा अवस्थामा प्रवेश गरेपश्चात् देखिने विपन्नता तथा समस्याको सम्बोधन गर्नसमेत ध्यानाकर्षणपत्रमा उल्लेख छ । लक्षित युवाको सीप, उद्यमशीलता तथा लगानीको नीति तथा श्रोत सुनिश्चित गर्नसमेत माग गरिएको छ । यस्तै, बालबालिकासम्बन्धी कानुन, नीति तथा बालअधिकार समिति गठन तथा त्यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक श्रोत यसै वर्षबाट व्यवस्था गर्न भनिएको छ ।

ज्ञापनपत्र बुझाउने कार्यक्रममा बालगृह सञ्जाल नेपालका महासचिव श्रीराम बजगाई, मकवानपुरका अध्यक्ष झविन्द्र ज्ञवाली, सदस्य माया लामा, जेरम घले र विनिता सुनारलगायतको उपस्थिति रहेको थियो ।

# महिला मृत फेला

समाज संवाददाता

हेटौँडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-११, मरघट्टीमा एकजना महिला मृत फेला परेकी छन् । मंगलबार दिउँसो ४ बजेको समयमा कमलानदिको किनारमा अन्दाजी ४५ वर्षीया महिला मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । शव सडीगली सकेको अवस्थामा फेला परेको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतकको पहिचान हुन सकेको छैन ।

# युवा संघद्वारा त्रिवेणीधाम परिसर सरसफाई

समाज संवाददाता

हेटौँडाः नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल हेटौँडा उपमहानगरपालिका ९ नम्बर वडा कमिटीले धार्मिक एवम् पर्यटकीयस्थल कुष्माण्डप सरोवर त्रिवेणीधाम परिसरमा सरसफाई गरेको छ । संघको ३५ औं स्थापना दिवसको अवसरमा मंगलबार सरसफाई गरिएको युवा संघ हेटौँडा-९ का अध्यक्ष सुदर्शन भट्टराईले जानकारी दिनुभयो ।

संघले ७० जना युवाको सहभागितामा त्रिवेणीधाम परिसरमा कुहिने र नकुहिने दुवै प्रकारका फोहोर, खोलामा मिसिएको फोहोर र शव अन्त्येष्टि गर्ने घाट वरिपरीका सबै फोहोरहरु सरसफाई गरेको अध्यक्ष भट्टराईले बताउनुभयो । गत बैशाख २२ गतेको अधिवेशनबाट निर्वाचित कमिटीले २५ गते बैठक बसेर उक्त त्रिवेणीधाम परिसरमा सरसफाई कार्यक्रम आयोजना गर्ने निर्णय गरेको थियो ।

# घाइते वाईबाको मृत्यु

समाज संवाददाता

हेटौंडाः गत बिहीबार हेटौँडा-५, पिप्लेमा दुर्घटनामा परी घाइते भएका लाल बहादुर वाईबाको मृत्यु भएको छ । गत बिहीबार दिनको ३ बजेर ३० मिनेटको समयमा हेटौँडा-५, बाँनियाटोलमा पार्किङ गरी राखेको ना ४ च ४१४२ नम्बरको गाडीमा बा प्र ०३(००१ त ३१८ नम्बरको ट्याक्टरले ठक्कर दिएको थियो । दुर्घटनामा ट्याक्टर चालक हेटौँडा-५, शान्तिनगरका ५२ बर्षीय लाल बहादुर वाईबा गम्भीर घाइते भएका थिए । चितवन जिल्लास्थित पुरानो मेडिकल कलेजमा उपचाररत वाईबाको बुधबार दिनको २ बजेर ४६ मिनेटमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# जन्मदिनमा विद्यालयलाई सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौँडा-१ स्थित अमर माध्यमिक विद्यालयकी शिक्षक कल्पना पौडेल ढकालले विद्यालयलाई नगद सहयोग गर्नुभएको छ । आफ्नो छोरीको जन्मदिनको अवसरमा शिक्षक पौडेलले विद्यालयलाई २० हजार १ सय रुपैयाँ नगद सहयोग गर्नुभएको हो ।

शिक्षक पौडेलले विद्यालयमा स्थापना गरिएको विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति अक्षय कोषमा एक हजार १ सय रुपैयाँ र विद्यालयको भऱ्याङमा ग्रिलको ढोका निर्माणका लागि १९ हजार रुपैयाँ उपलब्ध गराउनुभएको हो । विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीका अनुसार हालसम्ममा उक्त अक्षयकोषमा ३४ हजार ८ सय ३९ रुपैयाँ संकलन भएको छ । अशक्त, जेहेनदार र गरिब विद्यार्थीलाई सहयोग गर्ने उद्देश्यले प्रधानाध्यापक उप्रेतीले गत फागुनमा आफ्नो छोराको जन्मदिनको अवसरमा ११ हजार १ सय रुपैयाँबाट अक्षयकोषको स्थापना गर्नुभएको थियो । कक्षा १० सम्म पाठनपाठन हुने विद्यालयमा ६ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

# विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४, फिर्केपाखामा रहेको ज्वालादेवी आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । मंगलबार राष्ट्रिय युवा संघ नेपाल मकवानपुरगढी पालिका कमिटीले विद्यालयका ९३ जना विद्यार्थीलाई विभिन्न शैक्षिक सामग्री हस्तान्तरण गरेको प्रधानाध्यापक सरोज फयालले जानकारी दिनुभयो ।

युवा संघ नेपालको ३५ औं स्थापना दिवसको अवसरमा विद्यालयका बाल विकास कक्षादेखि ८ कक्षासम्मका विद्यार्थीहरुलाई ५० थान कापी, ४ सय थान कलम र २० प्याकेट पेन्सिल हस्तान्तरण गरिएको छ । युवा संघ नेपाल मकवानपुरगढी गाउँ कमिटीका अध्ययक्ष विष्णु सिलवालको सभाध्ययक्षता तथा केन्द्रीय सदस्य मिलन पाठकको प्रमुख आतिथ्यमा शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रम भएको हो । कार्यक्रम युवा संघका नेता उत्तम अधिकारीको संयोजनमा सम्पन्न भएको हो ।

# चितवन र सिन्धुलीमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ । चितवन र सिन्धुलीमा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । चितवन जिल्लाको रत्ननगर नगरपालिका-३, शान्तिचोकमा नम्बर नखुलेको सवारी साधनले ठक्कर दिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवन खैरहनी नगरपालिका-८ का ३३ वर्षीय प्रविण कुँवर रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बिहान पूर्व-पश्चिम सडकखण्डमा टाँडीबाट खैरहनीतर्फ जाँदै गरेको ना ३७ प ४९०९ नम्बरको मोटरसाइकललाई नम्बर र पहिचान नखुलेको सवारी साधनले ठक्कर दिँदा कुँवर गम्भीर घाईते भएका थिए । कुँवरलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगेकोमा मंगलबार बिहान १ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका-३, कात्तिकेमा ट्र्याक्टर आफै अनियन्त्रित भई सडकबाट खस्दा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा गोलन्जोर गाउँपालिका-२ बस्ने ३१ वर्षीय रोशन बहादुर मगर रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार कात्तिकेबाट खोक्लिङ जाने भित्री कच्ची सडक खण्डमा ग्वालटारबाट खोक्लिङ जाँदै गरेको ना ६ त २२२४ नम्बरको गिट्टी लोड गरेको ट्र्याक्टर आफै अनियन्त्रित भई सडकबाट १ सय २० मिटर तल झरी दुर्घटना भएको थियो । दुर्घटना चालक सडकबाट ६० मिटर तल रुखमा अड्की मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका-३, जिर्घा बोक्सेटारमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४० वर्षीय चक्र बहादुर माझी रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार बिहान ९ बजेको समयमा माझी घरबाट ३ सय मिटर पूर्वमा रहेको दिर्घा खोलामा माछा मार्न गएकोमा दिउँसो १२ बजे खोलामा डुबी मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# थाहा नगरपालिकामा स्वास्थ्य चौकी सञ्चालन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगरपालिका-९ स्थित चित्लाङमा रहेको स्वास्थ्य चौकी सञ्चालन गरिएको छ । बिहीबार उद्घाटन गरिएको स्वास्थ्य चौकीले औपचारिकरुपमा स्वास्थ्य सेवा सुचारु गरिसकेको थाहा नगरपालिकाका स्वास्थ्य शाखा संयोजक मेघराज बलामीले जानकारी दिनुभयो ।

एक वर्ष ६ महिनामा तयार भएको स्वास्थ्य चौकीको उद्घाटन थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले गर्नुभएको थियो । सेवा सुरु भएको आधारभूत स्वास्थ्य चौकीबाट ६ जना प्राविधिक स्वास्थ्यकर्मीहरुले सेवा प्रदान गरिरहनु भएको छ भने महिनामा २ पटक डाक्टर आउने व्यवस्था मिलाइएको छ ।

च्वाइस नेपाल र थाहा नगरपालिकाको संयुक्त लगानीमा स्वास्थ्य चौकी तयार भएको बलामीले बताउनुभयो । च्वाइस नेपालले स्वास्थ्य चौकीलाई उपकरण पनि सहयोग गरेको छ । स्वास्थ्य चौकी करिब ३ करोड रुपैयामा बनाइएको हो । ३ कठ्ठामा बनाइएको स्वास्थ्य चौकीमा ११ वटा कोठा रहेको बलामीले बताउनुभयो ।

अहिले स्वास्थ्य चौकीमा दैनिक २० देखि २५ जना जाँच गर्न आउने गरेका छन् । बलामीका अनुसार धेरै सेवाग्राहीहरु सुगर, प्रेसर, हाडजोर्नी, खोकी, ज्वरोजस्ता समस्या लिएर आउने गरेका छन् । हाल थाहा नगरपालिकामा १२ वटा स्वास्थ्य संस्था रहेको छ । स्वास्थ्य चौकीमा एउटा एम्बुलेन्सको व्यवस्था गरिएको छ ।


## हार्दिक समवेदना



जन्मः २०००/१०/२९

स्व. मिनबहादुर कार्की

स्वर्गारोहणः २०८१/०१/२२

सञ्चारकर्मी मित्र होम कार्कीका पुजनीय पिता **मिनबहादुर कार्की**को निधनको खबरले मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज दैनिक परिवार
हेटौँडा-४, मकवानपुर

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं


## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतिहुनबाट बचाउँनु हामी सबैको कर्तब्य हो । तसर्थ वन डढेंलो नियन्त्रण कार्यमा सहयोग गर्नु हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

डिभिजन वन कार्यालय, मकवानपुर

## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७ः०० बजेदेखि बेलुका ७ः०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

## हृदयघात सम्बन्धि जानकारी

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित वानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ ।

कस्तो वानि व्यहोराले बच्न सकिन्छ त ?

- सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- मध्यपान सेवन नगर्ने,
- स्वास्थ्यकर खाना खाने,
- नियमित रुपमा व्यायाम गर्ने,

निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाइ घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका विरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौँडा, मकवानपुर, नेपाल


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ